# राजदेवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : २६ मिति : २०७९/०४/१२

## भाग-१

## राजदेवी नगरपालिका

# राजदेवी नगरपालिकाको नगर प्रहरी ऐन, २०७९

स्वीकृत भएको मिति :२०७९/०४/११

स्थानीय सरकारका रुपमा राजदेवी नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यमा सहयोग पुऱ्याउँदै नगरभित्र सुव्यवस्था कायम गर्न तथा नगरपालिकाको निर्णय कार्यान्वयनमा प्रभावकारिता ल्याउन नगर प्रहरीको संचालन एवं परिचालन कार्यलाई व्यवस्थित बनाउनु पर्ने आवश्यकता रहेकोले नेपालको संविधानको धारा ५७ (४) र अनुसूचि ८ मा भएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी राजदेवी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "राजदेवी नगरपालिकाको नगर प्रहरी ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

क. "प्रमुख" भन्नाले राजदेवी नगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

ख. "उप प्रमुख" भन्नाले राजदेवी नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ।

ग. "नगर कार्यपालिका" भन्नाले राजदेवी नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

घ. "नगर सभा" भन्नाले राजदेवी नगरपालिकाको नगर सभा सम्झनु पर्दछ।

ङ. "ऐन" भन्नाले"स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ।

च. "नगर प्रहरी ऐन" भन्नाले "राजदेवी नगरपालिकाको नगर प्रहरी ऐन, २०७९" सम्झनु पर्दछ।

छ. "कार्यालय" भन्नाले राजदेवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ज. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राजदेवी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

झ. "नगर प्रहरी" भन्नाले राजदेवी नगरपालिकाको नगर प्रहरी प्रमुख र अन्य नगर प्रहरी समेतलाई जनाउँदछ ।

**३. नगर प्रहरीको व्यवस्थाः** (१) राजदेवी नगरपालिकाको छुट्टै नगर प्रहरी रहनेछ जसलाई राजदेवी नगर प्रहरीको नामले समेत चिनिनेछ ।

(२) नगर सभाबाट विनियोजित बजेटको सीमा भित्र रही कार्यालयले आवश्यक संख्यामा नगर प्रहरी सेवा करारमा लिन सक्नेछ ।

**४. नगर प्रहरीको सञ्चालन एवं परिचालनः** (१) कार्यालयले नगर प्रहरीको नेतृत्व एवं परिचालन गर्न कम्तीमा प्रहरी सहायक निरीक्षक बराबरको पारिश्रमिक सुविधा पाउने गरी एक जना वरिष्ठ नगरपालिका नगर प्रहरी प्रमुख छनौट गर्नु पर्नेछ ।

(२) नगर प्रहरीको प्रभावकारी परिचालनका लागि प्रहरी हवल्दारले पाउने पारिश्रमिक सुविधा पाउने गरी आवश्यक संख्यामा नगर प्रहरी हवल्दार सेवा करारमा लिन सकिनेछ ।

(३) नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरीवेक्षण, नियन्त्रण र निर्देशनको अधीनमा रही कार्य गर्नेछ र दैनिक रुपमा नगर प्रहरीबाट भए गरेको कार्य सम्पादनको प्रतिवेदन नगरपालिकाका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समक्ष दिनेछ ।

(४) प्रत्येक नगर प्रहरीले नगर प्रहरी प्रमुखको प्रत्यक्ष सुपरीवेक्षण, नियन्त्रण र निर्देशनको मातहत रही कार्य गर्नेछ । नगर प्रहरीले पालन गर्नु पर्ने अनुशासन एवं आचरण उल्लंघन गर्ने नगर प्रहरीलाई नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई अनुशासनात्मक सजाय दिन सक्नेछ ।

(५) नगरपालिकाको कामको सिलसिलामा नगरपालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको पालन गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ ।

(६) नगर प्रहरीको ड्युटीको खटन पटन तथा अन्य जिम्मेवारीको बाँडफाँड नगर प्रहरी प्रमुखले गर्नेछ र सो को जानकारी प्रमुख प्रशासकीय अधिकृतलाई दिनेछ ।

**५. कार्य विवरणः** (१) ऐनको दफा ११२ को खण्ड(क) को (२) मा उल्लेखित कार्यहरुमा कार्यालयले नगर प्रहरी परिचालन गर्नेछ । साथै, कार्यालयले आवश्यक ठानेको कार्यालयको अन्य काममा समेत नगर प्रहरी खटाउन सकिनेछ ।

(२) नगर प्रहरीलाई कार्यालयले जुनसुकै समय बखत काममा लगाउन सक्नेछ ।

(३) नगर प्रहरी प्रमुखले नगर प्रहरीको, बिदा हाजिरी तथा ड्युटी रोस्टरको अभिलेख अद्यावधिक गरी राख्नेछ ।

**६. आचरणः** (१) नगर प्रहरीले देहायको आचरणहरु पालन गर्नु पर्नेछ ।

क. नगर प्रहरीले प्रचलित कानून तथा नगरपालिकाको निर्णय, नीति, नियमको पालन गर्नेछ ।

ख. प्रहरीले पालन गर्नुपर्ने समय तथा आज्ञापालन लगायत अन्य अनुशासन सम्बन्धी कुरा पालन गर्नु पर्नेछ ।

ग. नगर प्रहरीले कामको सिलसिलामा सुपरीवेक्षक वा सम्बन्धित माथिल्लो अधिकृतले दिएको आदेशको पालन गर्नेछ ।

घ. नगर प्रहरीले नगरपालिकाका कर्मचारी, सेवाग्राही तथा नगरवासीप्रति सम्मान र आदर भाव राख्नु पर्नेछ ।

ङ. स्वच्छ चरित्र एवं आचरणयुक्त हुन पर्नेछ ।

च. ड्युटीमा खटिएको समयमा पान, गुट्खा, सूर्तिजन्य पदार्थ वा मद्यपान गर्नु हुँदैन ।

छ. नगरपालिका वा कार्यालयको अहित हुने कुनै कार्य गर्नु गराउनु हुँदैन ।

ज. नगर प्रहरीले राजनीति वा राजनैतिक गतिविधि, धर्ना, जुलुसमा सामेल हुनु हुँदैन ।

झ. आफूलाई तोकिएको जिम्मेवारी र कर्तव्य निष्पक्षता एवं निर्भीकतापूर्वक निर्वाह गर्नु पर्दछ ।

**७. पोशाक, चिन्ह आदि :** नगर प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक, सोको किसिम, रंग तथा निजले धारण गर्ने सुरक्षा तथा सञ्चारका साधन कार्यालयले निर्णय गरे बमोजिम हुनेछ ।

**८. संचार सेटः** नगर प्रहरीको कार्य सम्पादन प्रभावकारी बनाउन कार्यालयले आवश्यक संचार सेट लगायतका आवश्यक साधन उपलब्ध गराउन सक्नेछ ।

**९. निरीक्षणः** नगरपालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको ड्युटीको जुनसुकै बखत निरीक्षण गर्न र आवश्यक ठानेको निर्देशन दिन सक्नेछ ।

**१०. आवासः** नगर प्रहरीलाई ब्यारेक प्रणालीमा बस्ने गरी कार्यालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

**११. पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधा :** (१) नगर प्रहरीको पारिश्रमिक, राशन, बिदा तथा अन्य सेवा शर्त, सुविधा कार्यालयले तोके बमोजिम वा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ लागेमा भन्ने निजको कार्य सम्पादनको आधारमा करार म्याद आवश्यकता अनुसार नवीकरण गर्न सकिनेछ ।

(३) माथि उपदफा (२) मा जुनसुकै कुरा लेखेको भए तापनि कार्य सम्पादन स्तर संतोषजनक नरहेको नगर प्रहरीको करार म्याद कार्यालयले नवीकरण गर्ने छैन ।

**१२. तालीमः** कार्यालयले नगर प्रहरीलाई समय समयमा आवश्यक सुरक्षा सम्बन्धी तथा अन्य तालीमको व्यवस्था गर्न सक्नेछ ।

**१३. अंगरक्षकको रुपमा कार्य गर्ने:** कार्यालयले आवश्यक ठानेमा नगर प्रहरीलाई प्रमुख, उप प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतको अंगरक्षकको रुपमा कार्य गर्ने गरी खटाउन सक्नेछ ।

**१४. प्रतिवेदनः** नगर प्रहरीले गरेको कार्य सम्पादनको साप्ताहिक एवं मासिक प्रतिवेदन नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृत मार्फत् प्रमुख समक्ष पेश गर्नेछ ।

**१५. छानबीन :** नगर प्रहरीले कानून विपरीत वा बद्नियतपूर्वक कार्य गरेको भनी कार्यालयमा उजूरी वा गुनासो पेश हुन आएमा सो उपर प्रमुख प्रशासकीय अधिकृतले छानबीन गर्न गराउन र आवश्यक कारवाही गर्न सक्नेछ ।

**१६. सजाय, कारवाही तथा बर्खास्तगीः** कुनै नगर प्रहरीले प्रचलित कानून वा नगरपालिकाको निर्णय, नीति नियम विपरितको कार्य गरेमा वा बदनियतपूर्वक कार्य गरी नगरपालिकालाई हानी नोक्सानी पुऱ्याएमा वा आचरण सम्बन्धी कुरा पालन नगरेको वा अनुशासनहीन कार्य गरेमा वा नगरपालिकाको कामको सिलसिलामा कार्यालयले दिएको आदेश/निर्देशनको पालन नगरेमा निजललाई नसिहत दिन, पद घटुवा गर्न वा अन्य आवश्यक सजाय वा कारवाही गर्न वा जुनसुकै बखत निजलाई प्रमुख प्रशासकीय अधिकृतले सेवाबाट हटाउन सक्नेछ ।

**१७. पुरस्कारः** प्रशंसनीय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने नगर प्रहरीलाई कार्यालयले उचित ठऱ्याएको पुरस्कार दिन सक्नेछ ।

**१८. कार्य सञ्चालन प्रक्रियाः** कार्यालयले नगर प्रहरीको कार्य सञ्चालन प्रक्रिया बनाई लागू गर्न सक्नेछ ।

**१९. नियम, निर्देशिका बनाउन सक्नेः** नगर प्रहरी ऐनको उद्देश्य कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कानुन वा कार्यविधि बनाउन सक्नेछ ।

**२०. खारेजी र बचाउ :** यो ऐन स्वीकृत हुनु भन्दा अगाडी यस ऐन बमोजीम हुनुपर्ने कार्य यसै बमोजीम भएको मानिनेछ ।

**आज्ञाले,**

**प्रलव कायस्थ**

**प्रमुख प्रशासकीय अधिकृत**